# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, असार २६ गते, २०७५ साल (अतिरिक्ताङ्क ९

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. दो. अ. ०४

**<u>आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावना:** आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश नं. ५ प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/७६ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची–१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.२८,०८,५५,००,०००/- (अक्षरेपी

अठ्ठाइस अर्ब आठ करोड पचपन्न लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०५४७ देखि ८०५५८ सम्म विनियोजन भएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ७०५३२ आर्थिक मामिला तथा योजना मन्त्रालय - विविधमा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

# अनुसूची–१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधान बमोजिम

## प्रदेश नं. ५ प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०५ | २१ | प्रदेश व्यवस्थापिका | ३८०० | | | ३८०० |
| २ | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय – फैसला वा आदेश बमोजिम तिर्नु पर्ने रकम | १००० | | | १००० |
| | | जम्मा | | ४८०० | | | ४८०० |

# अनुसूची–२

## (दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम

रु. हजारमा

| १ | २ | | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | प्रदेश | अनुदान संख्या | शीर्षकको नाम | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | ७०५ | २१ | प्रदेश व्यवस्थापिका | १५६२०० | ५०००० | | २०६२०० |
| २ | ७०५ | २३ | मुख्य न्यायधिवक्ता | १०००० | १०००० | | २०००० |
| ३ | ७०५ | ३१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३९३८५३ | १५५२०० | | ५४९०५३ |
| ४ | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८०५५० | ५१००० | | १३१५५० |
| ५ | ७०५ | ३३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५१५०० | ३१०००० | | ५६१५०० |
| ६ | ७०५ | ३४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९६५९२१ | १०९७२६० | | २०६३१८१ |
| ७ | ७०५ | ३५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १८५०००० | १३५०००० | | ३२००००० |
| ८ | ७०५ | ३६ | भौतिक पूर्वाधार | ४५०००० | ६०४०००० | | ६४९०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | विकास मन्त्रालय | | | | |
| ९ | ७०५ | ३७ | सामाजिक विकास मन्त्रालय | १५५४९०० | ५१४६०० | | २०६९५०० |
| १० | ७०५ | ३२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - विविध | १६२४२१६ | | | १६२४२१६ |
| ११ | ८०५ | ४७ देखि ५८ | स्थानीय तह समानीकरण अनुदान | ५००००० | | | ५००००० |
| १२ | ८०५ | ४७ देखि ५८ | स्थानीय तह सशर्त अनुदान | १०००००० | | | १०००००० |
| १३ | | | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | २६२३९६२ | ७०४६३३८ | | ९६७०३०० |
| | | **जम्मा** | | ११४६११०२ | १६६२४३९८ | | २८०८५५०० |

प्रमाणीकरण मितिः २०७५/०३/२६

**आज्ञाले,**

**प्रेमप्रसाद भट्टराई**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय